बैठक संख्याः- १४

आज मिति २०७९ साल भाद्र १० गते शुकबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रा देबी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्ग्वा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | तिला |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता दुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

१) **निर्णय नं १-** यस नगरपालिकामा बिभिन्न मितिमा नियुक्त भएका अस्थायी करार तथा ज्यालादारी कर्मचारीहरुको म्याद अवधी २०७९ पौष मसान्त सम्म थप गर्ने तथा नगरपालिकाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण(O&M) प्रतिवेदनमा उल्लेखित पदहरुको स्थायी पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगमा पठाउन कार्यालयलाई दिने निर्णय गरियो ।

२) **निर्णय नं २-** बिर्तामोड ५ मा रहेको देबी बजार (बुधबारे हटिया) मा बहुतले सपिङ्ग कम्प्लेक्स निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न नगर विकास कोष(TDF),काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

३) **निर्णय नं ३-** मिति २०७९।०५।१३ गते हुने बिशेष नगरसभा अधिवेशनमा विद्ययेक समितिबाट छलफल भई पेश हुन आएका देहायका विद्ययेक पेश गर्ने निर्णय गरियो ।

**<u>देहाय</u>**

- नगर यातायात तथा बसपार्क व्यवस्थापन विद्ययेक, २०७९
- शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विद्ययेक २०७९
- आर्थिक ऐन २०७९ लाई संशोधन गर्न बनेको विद्ययेक २०७९
- ~~यातायात व्यवस्थापन ऐन २०७९~~

४) **निर्णय नं ४-** यस नगरपालिकाको विद्ययेक समितिबाट छलफल भई आएका निम्न कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

<u>निम्न</u>

- अस्पताल सञ्चालन कार्यविधि २०७९
- अनुगमन समिति सञ्चालन कार्यविधि २०७९
- लेखा समिति सञ्चालन व्यवस्थापन कार्यविधि २०७९
- शहरी बस्ती विकास योजना तथा भवन निर्माण मापदण्ड र इजाजत सम्बन्धी कार्यविधि २०७९

CamScanner

५) **निर्णय नं ५** - बिर्तामोड नगरपालिकाको स्वामित्वमा रहेका देहायका सवारी साधन (हेभी इक्वीपमेन्ट)हरु लिलामीबाट बिक्री गर्ने प्रयोजनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

टिपर थान- ३

ट्याक्टर थान- ५

जेसिभी थान-२

६) **निर्णय नं ६** - यस नगरपालिकाका विभिन्न शाखा वडा कार्यालय तथा स्वास्थ्य शाखामा २ वर्ष भन्दा बढी कार्य गर्ने कर्मचारीहरुलाई निजहरुको कार्य सम्पादन तथा शाखा/वडा/स्वास्थ्य संस्थाको आवश्यकताको आधारमा विभिन्न अन्य शाखा/वडा/संस्थाहरुको जिम्मेवारी दिई अनुभव आदानप्रदान गर्न गराउन आवश्यक भएकाले कर्मचारीहरुको आन्तरिक सरुवा व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

७) **विविध -** देहायका विविध विषयमा देहाय बमोजिम निर्णय गरियो ।

क ) नगर क्षेत्र भित्र जंगली हात्तीबाट घर भत्काई क्षति भएको अवस्थामा घरको क्षति तथा सम्बन्धित वडाको स्थलगत सर्जमिनको आधारमा नगर प्रमुखको निर्णयबाट अधिकतम १० हजार सम्म राहत उपलब्ध गराउने तथा हात्ती प्रकोप नियन्त्रणका लागि प्रदेश तथा संघ सरकारसँग आवश्यक समन्वय गर्ने ।

ख) नगरमा रहेका हेभी ईक्वीपमेन्ट सञ्चालनका लागि कार्यापालिका सदस्य जगतबन्धु राजवंशीलाई जिम्मेवारी दिने ।

ग) नगर क्षेत्रभित्रका विभिन्न सडकहरुमा सडकको मापदण्ड विपरीत घरसँग जोडी छाप्रा तथा टहरा सडकपेटीसम्म निर्माण गरि सडक पेटी अवरुद्ध भएको देखिएकाले अनाधिकृत रुपमा बनाएका सबै संरचनाहरु हटाउने ।

CS CamScanner

ङ) नगर विकास समितिबाट नियुक्त भई वडा नं ५ मा कार्यरत कार्यालय सहयोगी मिना कार्कीलाई मिति २०७९।०४।०१ गतेबाट लागुहुने गरि नगरपालिकाको कार्यालय सहयोगी तर्फ मिलान गर्ने ।

च) सबै वडा भित्र रहेका सार्वजनिक जग्गा, पैनी र सडकहरुमा अनाधिकृत रुपमा भौतिक संरचना बनाउने क्रियाकलापहरुलाई नियन्त्रण/निरुत्साहित गर्न वडाहरुले सार्वजनिक सूचना प्रकाशन गरि जानकारी तथा सचेत गराउने ।

CamScanner